नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ ५४

मिति : २०७७/०५/१८

श्री गाउँपालिका/नगरपालिका, सबै ।

मार्फत : श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : **EMIS मा बेरोजगार व्यक्तिहरुको विवरण प्रविष्ट गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा, आ.ब.२०७७/७८ मा न्यूनतम रोजगारीमा खटिनको लागि गाउँपालिका/ नगरपालिकामा निवेदन दिई सूचिकृत बेरोजगार व्यक्तिहरुको विवरण २०७७ भाद्र मसान्त भित्र अनिवार्य रुपले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गरिसक्नुहुन अनुरोध छ । चालु आ.ब.मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट थप रकम EMIS मा प्रविष्ट भएका बेरोजगार व्यक्तिको संख्याको आधारमा पठाईने हुँदा यथाशिघ्र विवरण प्रविष्ट गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

साथै गत आ.ब.२०७६/७७ को प्रगति EMIS मा प्रविष्ट गर्न बाँकी रहेका गाउँपालिका/नगरपालिकाले वित्तिय प्रगति (सञ्चालन खर्च र कार्यक्रम खर्च) तथा भौतिक प्रगति (रोजगारी सिर्जना दिन र रोजगारी प्राप्त गर्ने व्यक्तिको संख्या) को पूर्ण विवरण प्रविष्ट गर्नुहुन समेत पुन: अनुरोध छ ।

**बोधार्थ :-**
श्री रोजगार संयोजक, सबै ।

०५।१८
(किसान न्यौपाने)
शाखा अधिकृत